आ.व.२०८१/८२, कार्यपालिका बैठक सङ्ख्या-५६

आज मिति २०८१ साल फागुन २२ गते तदनुसार ( March 6, 2025) बिहीवार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँपालिकाको सभाहलमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री विष्णु वहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम वहादुर बलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री पूर्ण वहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| श्री बाल कुमारी पुलामी | कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री छविलाल राई | प्र.प्र.अ./ सचिव | |
| कार्यबाहक : | | |
| श्री गायत्री प्रसाद दाहाल | ६ नं. वडा कार्यवाहक अध्यक्ष | |
| श्री दिपकराज पोखरेल | ५ नं. वडा कार्यवाहक अध्यक्ष | |

CamScanner

२०८१ साल फागुन २२ गते तदनुसार March 6, 2025 बिहीवार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. अध्ययन बिदा स्वीकृत सम्बन्धमा ।

२. खानेपानी योजना मर्मतको लागि Volentier Corps Nepal लाई प्रस्ताव सम्बन्धमा ।

३. चौंरास प्रिमियर लिग फुटबल प्रतियोगितालाई आर्थिक सहायता सम्बन्धमा ।

४. मृगौला पिडित ज्येष्ठ नागरिक व्हीलचेयर सहायता (वडा ७) बजेट सम्बन्धमा ।

५. स्मार्टवोर्ड खरिदको लागि स्पेसिफिकेसन तयार तथा स्वीकृत सम्बन्धमा ।

६. सुरक्षित नागरिक आवास वडा नं. ६ छुट सम्बन्धमा ।

बैठकका निर्णयहरु:

निर्णय नं.-१: यस गाउँपालिकामा कार्यरत इन्जिनियर सुनिल तामाङ, (इन्जिनियर आठौं तह, कर्मचारी संकेत नं. २३७६१७) ले Masters In Construction Management (Two Years Course) अध्ययन गर्नको लागि विदा निवेदन पेश गरेको हुँदा उहाँको २०८२/०१/०१ देखी २०८४/०१/०१ सम्म लागू हुनेगरी स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा १२० (५२६) वमोजिम अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.२: Volunteer Corps Nepal को माग अनुसार यस पालिकामा खानेपानी योजना मर्मतको लागि एउटा खानेपानी योजना छनौट गर्नु पर्ने भएको हुँदा संभाव्यता अध्ययनको लागि तपसिल अनुसारको योजना प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिल:

क) वाक्दु माधवपुर खानेपानी मर्मत योजना, वडा नं. ९

ख) भीरपानी खानेपानी मर्मत योजना, वडा नं. ६

ग) रोम्दुखोला सोक्माटार खानेपानी मर्मत योजना, वडा नं. ६

घ) भीरपानी कृपेपु खानेपानी वाक्सा, वडा नं. २

निर्णय नं.३: मिति २०८१ कार्तिक ९ गतेदेखी १४ गतेसम्म मानेभन्ज्याङ-३, उँबुमा सम्पन्न प्रथम चौरास प्रिमियर लिग फुटवल प्रतियोगितालाई आर्थिक सहायता गर्न यस गाउँपालिकाको हिउँदे १६ औं अधिवेशनबाट चौरास प्रिमियर लिग आर्थिक सहायता शीर्षकमा विनियोजित वजेट रकम रु. १ लाख ५० हजार उक्त लिग सञ्चालन समितिबाट प्राप्त बिल भर्पाई तथा आयव्ययको प्रतिवेदन लगायतका कागजातको आधारमा उक्त समितिको बैंक खाता मार्फत भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.४: मृगौला पिडित ज्येष्ठ नागरिक व्हीलचेयर सहायता (वडा ७) भन्ने शीर्षकमा गाउँसभाको १६ औं अधिवेशनबाट विनियोजन भएको ३० हजार बजेटबाट यस पालिकाको वडा नं. ७ निवासी मृगौला रोग पिडित राधादेवी श्रेष्ठलाई व्हील चेयर खरिदको लागि आर्थिक सहयोग दिने निर्णय गरियो ।

निर्णय नं.५: विशेष अनुदानमा प्राप्त बजेटबाट स्मार्ट वोर्ड खरिदको लागि स्पेसिफिकेसन सूचना प्रविधि अधिकृत श्री विपिन कार्की वा अन्य विषय विज्ञलाई तयार गर्न लगाइ सो स्पेसिफिकेसन अनुसार सम्वन्धित कम्पनीसँग दररेट माग गरी न्यूनतम दररेटलाई आधार मानी बोलपत्र आव्हान गर्ने तथा खरिद गरी प्राप्त भएको स्मार्ट वोर्ड परीक्षण गरी स्पेसिफिकेसन बमोजिम ठिक छ भने प्रमाणित गर्ने जिम्मा पनि स्पेसिफिकेसन तयार गर्ने विज्ञ व्यक्तिलाई नै दिने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं.६: सुरक्षित नागरिक आवास वडा ६ (छुट) भन्ने शीर्षकमा गाउँसभाको १६ औं अधिवेशनबाट विनियोजन भएको ५० हजार बजेटबाट यस पालिकाको वडा नं. ६ निवासी श्री दिलाराम राईलाई प्राविधिक मूल्याङ्कन र वडाको सिफारिसको आधारमा विल भर्पाई अनुसार भुक्तानी दिने निर्णय गरियो ।

CamScanner